# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

## BROADCAST: 18:40 hrs Date: 18.08.2025

---

***राष्ट्रीय एकता- राज्यपाल***

एक साता लामो यात्रा कार्यक्रमको क्रममा, विद्यार्थीहरूले ISRO, INFOCUS, BHARAT ELECTRONICS, BIOCON र T- Hub लगायतका प्रमुख संस्थान र प्रतिष्ठानहरूको भ्रमण गरेका थिए। विद्यार्थीहरूलाई सम्बोधन गर्दै राज्यपाल माथुरले यस पहलका लागि भारतीय सेनाको प्रशन्सा गर्नुभयो। उहाँले विद्यार्थीहरूलाई उदाउँदो भारतको brand ambassador बन्न, Start up संस्कृतिलाई अंगालन र दृढ़ संकल्प तथा नवीनताका साथ 'आत्मनिर्भर भारत' को दृष्टिकोणमा योगदान दिन प्रोत्साहित गर्नुभयो। सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले आज गान्तोकको राजभवनमा राष्ट्रीय एकता भ्रमण- 2025 को झण्डा देखाई, समापन गर्नुभयो। भारतीय सेना द्वारा 10 देखि 17 अगस्त 2025 सम्म आयोजना गरिएको यो भ्रमणमा सिक्किमका दुर्गम सीमावर्ती गाउंहरूका 20 इन्जीनियरिंङ विद्यार्थीहरूलाई बैंगलुरू, मैसुरू र हैदराबाद लागिएको थियो। यो पहलले राष्ट्रीय एकतालाई बढ़ावा दिने र देशभरमा एकतालाई सुदृढ़ पार्ने भारतीय सेनाको दृढ़ प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

---

***सिक्किम राज्य उच्चसतरीय समिति***

सिक्किम सरकारले आज नयाँ दिल्लीमा मुख्यमन्त्री प्रेम सिंह तामाङको अध्यक्षतामा सिक्किम राज्य उच्चस्तरीय समितिको समापन समारोह आयोजना गरयो। भारतको संविधान अन्तर्गत सिक्किमका 12 छूटेका समुदायहरूलाई अनुसूचित जनजातिको सूचीमा समावेश गर्ने लामो समयदेखिको मागको जांच र कार्यन्वयन गर्न उच्चस्तरीय समिति गठन गरिएको थियो। सभालाई सम्बोधन गर्दै, मुख्यमन्त्री तामाङले सिक्किमका सबै समुदायहरूका लागि सामाजिक न्याय र समान संवैधानिक अधिकार प्राप्त गर्ने आफ्नो अटल प्रतिबद्धता दोहरयाउनुभयो। कार्यक्रम सिक्किम सरकारको समाज कल्याण विभाग द्वारा आयोजना गरिएको थियो।

---

***सिक्किम- वाईब्रेन्ट गांउ- दिल्ली भ्रमण***

स्वतन्त्रता दिवस समारोह- 2025 को अवसरमा सिक्किम राज्यका Vibrant गाउंहरूबाट एघारजना विशेष अतिथिहरूलाई दिल्ली भ्रमण एवम दिल्लीमा आयोजित समारोहमा भाग लिन, आमन्त्रित गरिएको थियो। सबै अतिथिहरूले लाल किलामा उनासीऔं स्वतन्त्रता दिवस समारोहमा आ आफ्ना पारम्परिक परिधानहरूमा भाग लिएका थिए भने, केही अतिथिहरूलाई राष्ट्रपति द्रौपदी मुर्मु द्वारा रात्रि भोजका लागि आमन्त्रित गरिएको थियो।

भ्रमणको अवधिमा विशेष अतिथिहरूलाई गान्तोक देखि दिल्ली लिएर जाने अनि फिर्ता ल्याउने कार्य, गान्तोक स्थित भारत तिब्बत सीमा पुलिस बलका क्षेत्रीय मुख्यालय द्वारा पूरा गरियो। 13 अगस्त दिल्ली प्रस्थान भएका विशेष अतिथिहरू आज गान्तोक फर्केका छन्।

---

### ***AI आधारित यातायत प्रबन्धन- 50% छूट***

सिक्किम सरकारले AI आधारित यातायत व्यवस्थापन प्रणाली अन्तर्गत जारी गरिएको जरिमाना र चलानहरूको भोक्तानीमा एक पटको- 50 प्रतिशत छूट दिइने घोषणा गरेकोछ। यो राहत, लामो समय देखि बाँकि रहेको रकम भएका वाहन- मालिक र चालकहरू माथि बोझ कम गर्ने उद्देश्यले गरिएको हो। राज्य यातायात विभागसंगको समन्वयमा AI व्यवस्थापन कम्पनीले छूट योजना लागू गर्नेछ। सिक्किम चालक बोर्डले सबै ट्याक्सी चालक र वाहन मालिकहरूलाई योजनाको फाइदा उठाउन र 31 अगस्त सम्ममा आफ्नो जरिवाना तिर्न आग्रह गरेकोछ।

---

### ***सिक्किम खादी, ग्रामोधोग बोर्डमा सल्लाहकार र अध्यक्ष- पदभार ग्रहण***

सिक्किम खादी तथा ग्रामोधोग बोर्ड (SKVIB) का सल्लाहकार डी बी ठटाल र अध्यक्ष दीपक कुमार गुरूङले आज देवराली स्थित खादी भवनमा आधिकारिक रूपमा पदभार ग्रहण गर्नुभएकोछ। श्री ठटालले आफ्नो मुख्य भाषणमा खादी, भारतको स्वतन्त्रता प्राप्तिको अभिन्न अंग भएको कुरा बताए। उहाँले ‘एक परिवार, एक उद्यमी’ को प्रर्वद्धन तर्फ मुख्यमन्त्री प्रेम सिंह तामाङको प्रयासको प्रशन्सा पनि गरे जस अंतर्गत प्रत्येक घरले आत्मनिर्भर राजयतर्फ अग्रसर हुने उद्यमीको निर्माण गर्दछ।

अध्यक्ष गुरूङले आफ्नो सम्बोधनमा देशको स्वतन्त्रतामा खादीको महत्व बताउँदै, श्री ठटालका शब्दहरू दोहरयाए। राज्यका विभिन्न केन्द्रहरूका सल्लाहकार, अध्यक्ष र खादी बोर्डका अधिकारीहरू बीच अन्तरक्रियात्मक सत्र आयोजना गरिएको थियो जसमा अधिकारीहरूको गुनासोहरूबारे छलफल भयो।

---

### ***सिक्किम खेलाड़ी छनौट- थाइल्याण्ड***

सिक्किमका चार खेलाड़ीहरू- अनिता छेत्री, नर्बु भूटिया, स्वर्णिम राई र तेञ्जिङ डेडेन भूटिया, आज देखि 25 अगस्त 2025 सम्म थाइल्याण्डमा आयोजना हुने संतावनौ एशियाली bodybuilding र Physique Sports Championship मा भारतको प्रतिनिधित्व गर्न छनौट भएका छन्।

---